नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
# शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर
पाठ्यक्रम तथा सामग्री शाखा

प.सं.:- २०७७/०७८
च.नं. ३३१

फोन :०१–६६३३६२५
फ्याक्स : ०१–६६३३६२५
मिति : २०७७/०८/२८

**विषय :** लेखक छनैट सम्वन्धि जरुरी सूचना ।

उपरोक्त विषयमा चालु आ.व. २०७७/०७८ मा यस केन्द्रको वार्षिक स्वीकृत कार्यक्रम अनुसार नव साक्षरहरुकालागि निरन्तर शिक्षाका नमूना सामग्री विकास गर्ने कार्यक्रम अन्तर्गत विद्यालय शिक्षाको कक्षा ५ सरहको समकक्षता हुने गरी नेपाली,अङ्ग्रेजी,गणित र विज्ञान तथा प्रविधि गरी जम्मा ४ वटा सिकाइ क्षेत्रमा नमूना सामग्री विकास /लेखनका लागि यस केन्द्रको मिति२०७७/०८/२५ गतेको निर्णय अनुसार निम्न योग्यता पुगेका नेपाली नागरिकहरुवाट निवेदन आह्वान गरिएको छ ।

१. शिक्षा तथा मानव स्रोत विकास केन्द्रको विज्ञ सूचिमा सूचिकृत भएको हुनुपर्ने छ र सूचिकृत नभएका विज्ञहरुले देहाय अनुसारको कागजात सहित सूचिकृतका लागि मिति २०७७/०९/ १२ गते भित्रमा यस केन्द्रमा निवेदन दिनुपर्ने छ ।

क) सम्वन्धित विषयमा स्नातकोत्तर योग्यता प्राप्त गरेको हुनुपर्ने ।

ख) अनौपचारिक शिक्षाका सामग्री लेखनमा अनुभव भएको हुनुपर्ने।

ग) सूचिकृतहुन निवेदन सहित शैक्षिक योग्यता र अनुभवको प्रतिलिपि संलग्नहुनु पर्नेछ ।

२. प्रत्येक विषयको लेखनकार्यका लागि कम्तिमा २ जना लेखकहरुको सहकार्यमा लेखनकार्य गर्नुपर्नेछ ।

३. निवेदन २०७७/०९/१२ गते आइतवार वेलुका ५:०० बजे सम्म यस केन्द्रमा आइपुग्नु पर्ने छ ।

४. लेखकहरुको छनोट गर्ने सम्पूर्ण अधिकार यस केन्द्रमा निहित हुनेछ ।

२०७७/०८/२८

राजकुमार थापा
निर्देशक